नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

मंसीर/पौष २०८१ (December 2024) वर्ष २७/अङ्क ३१२

## खीष्टमस (बडा दिन)

- पाष्टर रोल्याण्ड रोंगोंग

खीष्टमस (बडा दिन) दिने उचित समय हो । **परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्** (यूहन्ना ३:१६)।

वर्तमान समय विश्वभरी नै इसाई साथै केही गैरइसाईहरूले खीष्टमस (बडा दिन) उत्सवको रुपमा मनाउने गर्छन् । पसलहरूको सजावट खीष्टमस ट्रि, तारा, स्वर्गदूत, घण्टी, रंगी-चंगी बत्ती बालेर साथै उपहार आदान-प्रदान गर्ने, होटेल, रेष्टुराँमा खाने-पिउने गरी रमाहट गर्दै गर्दा परमेश्वरले दिनुभएको बयान गरी नसक्ने वरदानको निम्ति धन्यवाद दिन बिर्सेका छन् (२ कोरिन्थी ९:१५) ।

खीष्टमस (बडा दिन) उत्सव मनाउँदै गर्दा हामीले याद गर्नुपर्ने कुरा ... **"लिनुभन्दा दिनु अझ असल हो"** (प्रेरित २०:३५)

**'एउटा छुट्टै रात'**

एक साधारण रात, साधारण भेडाहरू, साधारण गोठालाहरू चउरमा विश्राम लिइरहेका थिए । यदि परमेश्वरले साधारण रातलाई छुट्टै देख्न नरुचाउनुभएको भए त्यो रातको वास्ता हुने थिएन, भेडाहरूको याद गरिन्थ्यो, गोठालाहरू पनि रात सुतेरै बिताउँथ्यो ।

परमेश्वर साधारणहरूको बीचमा रमाउनु हुन्छ अनि त्यो रात पनि त्यस्तै भयो। अँध्यारो रात एक्कासी उज्यालो भयो। छाँया जस्तो देखिने रुखहरू छर्लंग देखियो, शान्त रहेका भेडाहरू पनि उत्सुक्ताका साथ म्याँ, म्याँ गरी कराउन थाले। मस्त निद्रामा परेका गोठालाहरू झसंग भएर आँखा मिच्दै अर्को अपरिचित व्यक्तिको अनुहार ट्वाल्ल परेर एकोहोरो डर साथ हेरिरहे। अब त्यो रात साधारण रात भएन। स्वर्गदूत तिनीहरूकहाँ ठीक समयमा देखा परे। परमेश्वर साधारणहरूकहाँ यस्तै प्रकारले आउनुहुन्छ कारण उहाँको शक्तिशाली साधन नै साधारण व्यक्तिहरू हुन् ।

**तब दूतले तिनीहरूलाई भने,"नडराओ, किनभने हेर म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सारा मानिसहरूको निम्ति हुनेछ, किनकि दाउदको शहरमा आज तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो खीष्ट प्रभु हुनुहुन्छ ।"** (लूका २:१०-११)

**यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ । 'हेर, कन्या गर्भवती हुनेछ र त्यसले एउटा पुत्र जन्माउनेछ, र उनको नाउँ इम्मानुएल राखिनेछ ।'** (यशैया ७:१४)

**'परमेश्वर मानिस बन्नुभयो'**

उहाँले आफ्नो परमेश्वरसँगको स्थान छोड्नुभयो अनि आफैलाई केहीको पनि ठान्नुभएन । उहाँ मानिस भएर जन्मनुभयो र एउटा दास बन्नुभयो (फिलिप्पी २:७) ।

यस्तो समय घटचो जुन अरू समय जस्तो थिएन । स्वर्ग आफै उघ्रियो र उसको सबैभन्दा बहुमूल्य व्यक्तिलाई मानव कोखमा राखिदियो। सर्वशक्तिमान एकै क्षणमा मासु र रगत बन्नुभयो । ब्रम्हाण्ड भन्दा विशाल, सुक्ष्म भ्रूण बन्नुभयो । जसले संसारलाई पालन-पोषण गर्नुहुन्थ्यो एकै शब्दमा एउटी जवान कन्याको पालन-पोषणमा भर पर्न चुन्नुभयो। परमेश्वर - मानिस बन्नुभयो र नजीक आउनुभयो । **""हेर, कन्या गर्भवती हुनेछन्, र एउटा पुत्र जन्माउनेछन्, र तिनीहरूले उहाँको नाउँ इम्मानुएल राख्नेछन्, जसको अर्थ परमेश्वर हामीहरूसित"** (मत्ती १:२३) ।

**जब स्वर्गदूतहरू तिनीहरूबाट स्वर्गमा गए, गोठालाहरू आत्तुरीसँग बेतलेहेममा गए र मरियम र यूसुफ दुवैलाई र बालकलाई चाँहि डूँडमा सुतिरहेका भेट्टाए । तब तिनीहरूलाई भनिएको अनुसार, तिनीहरूले सुनेका र देखेका सबै कुराहरूका निम्ति, परमेश्वरको महिमा र स्तुति गर्दै गोठालाहरू फर्के** (लूका २:१५-१६, २०) ।

**पूर्वका ज्योतिषीहरू तारालाई हेर्दै बेतलेहेममा आई जब बालकलाई आमा मरियमको साथमा देखे, र घोप्टो परेर उहाँलाई दण्डवत् गरे अनि आफ्ना कन्तुर खोलेर उहाँलाई सुन, धूप, मूर्रका भेटी चढाए** (मत्ती २:९-११) ।

यस वर्ष २०२४ को खीष्टमस (बडा दिन) मा परमेश्वरले तपाईंहरूलाई दिनुभएको वर्णन गरी नसक्ने वरदानको निम्ति

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| मंसीर २९ गते December 14 | एल्डर रत्नमान महर्जन | श्री सरूष तामाङ्ग | एल्डर सिद्धि खालिङ | एल्डर वीर बहादुर के.सी. | श्री सुचन तामाङ्ग | एल्डर शारोन रोंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु |
| पौष ६ गते December 21 | एल्डर अर्जुन ढकाल | एल्डर रत्नमान महर्जन | एल्डर पूर्ण सुनुवार | डीकन राम ब. तामाङ्ग | श्री विजय तामाङ्ग | एल्डर ग्रेस खालिङ | पाष्टर रूबेन श्रेष्ठ |
| पौष १० गते December 25 | पाष्टर सिमोन पाठक | **खीष्टमस सेवा बालुवापाटी चर्च** | एल्डर बागमान तामाङ्ग | डीकन भूपाल लामा | एल्डर सुरेश पुर्कुटी | **खीष्टमस सेवा** | |
| पौष १३ गते December 28 | श्री विष्णु देउला | श्रीमती माया तामाङ्ग | डीकनेस् शान्ता अधिकारी | एल्डर बागमान तामाङ्ग | एल्डर मन ब. मगर | एल्डर सिमोन खालिङ | श्री सुकराम तामाङ्ग |
| पौष २० गते January 4 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | डीकन कुमार गजमेर | श्री माया लामा | डीकन मिन ब. तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैँसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मंसीर २९ गते December 14 | एल्डर पेशल राई | श्री फुर्का तामाङ्ग | श्रीमती जमान घ्लान | एल्डर दानिएल सापकोटा | श्री प्रेम गुरूङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | डीकन अमृत लामा | डीकनेस् कल्पना तामाङ्ग | डीकन उमेश मगर |
| पौष ६ गते December 21 | **संयुक्त आराधना सेवा डाँछी** | | | | | | | | | श्री गोविन्द नगरकोटी |
| पौष १० गते December 25 | **खीष्टमस सेवा आ-आफ्नो मण्डलीमा** | | | | | | | | | |
| पौष १३ गते December 28 | एल्डर पेशल राइ | एल्डर लाक्पा लामा | डीकनेस् सलोमी दों | एल्डर राज गुरूङ्ग | श्री विकास श्रेष्ठ | एल्डर सागर थापा | एल्डर दानिएल सापकोटा | श्रीमती देवकी लामा | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ |
| पौष २० गते January 4 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | एल्डर गोपी राई | एल्डर गोपी राई |

के दिनुहुन्छ ? येशू जन्मने समयमा पौवामा ठाउँ थिएन (लूका २:७) - के आज हाम्रो गोठरुपी हृदयमा उहाँको लागि ‘ठाउँ’ छ कि अन्य कुराहरूले खचाखच छ ? सानु छँदा बाल संगतिमा यो भजन गाउने गर्थ्यौ

(१) ईश्वरले आफ्नो पुत्रलाई, संसारमा पठाए
र क्रुसमा मरिकन, हामीलाई बचाए

कोरस: के दिनु के दिनु, म येशूलाई के दिनु
त्यो बडो प्रेमको साटोमा, के दिनु उसलाई म

(२) म यति सानो पाठोलाई, के उनलाई मनपर्छ
के मैले दिएको चीज, उनले ग्रहण गर्छ

यसैले यसपाली र आउँदो खीष्टमस (वडा दिन) मा हाम्रो जीवन भेटीको रुपमा अर्पण गरौं - कारण परमेश्वरलाई आनन्दित तुल्याउने उपहार यस्तै नै हो ।

.......... सबैलाई खीष्टमस (वडा दिन) को शुभकामना ..........

## जानकारी



चाँगु बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री इश्वर भट्ट ५४ वर्षको उमेरमा कार्तिक २६ गते/नोभेम्बर ११ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



तिलगंगा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती हिरा कमल देउला ६५ वर्षको उमेरमा मंसीर १२ गते/नोभेम्बर २७ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **गुरूजुधारा** | **भैंसेपाटी** | **गोदावरी** | **गोंगबूँ** | **बानियाटार** | **धापासी** | **भंगाल** |
| **मंसीर २९ गते** December 14 | एल्डर बाबुराम के.सी. | श्री जीवन खालिङ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर पिटर लिम्बू | श्री कुमार सेन्चुरी | एल्डर बेन्जामिन तामाङ्ग | डीकन बल बहादुर राई |
| **पौष ६ गते** December 21 | डीकनेस् शान्ता मगर | एल्डर सिमोन खालिङ | डीकन कृष्ण नगरकोटी | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग | डीकन अनिल आले | डीकन सुक्रराज घिमिरे |
| **पौष १० गते** December 25 | **खीष्टमस सेवा आ-आफ्नो मण्डलीमा** | | | पाष्टर बर्णबास श्रेष्ठ | खीष्टमस संयुक्त सेवा | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |
| **पौष १३ गते** December 28 | डीकन श्रीराम सुर्खेती | एल्डर आमोस खालिङ | एल्डर यमदेवी पोखेल | एल्डर छोदेन कार्थक | श्री प्रेम गुरूङ्ग | एल्डर राजु श्रेष्ठ | डीकन डि.बि राई |
| **पौष २० गते** January 4 | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर भुवन देवकोटा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |

## हार्दिक शुभकामना

प्रभु येशू खीष्टको जन्मोत्सव (खीष्टमस) तथा नव वर्ष २०२५ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



कार्तिक २५ गते/नोभेम्बर १० तारिख, आइतबार नेइम जोरपाटी डाँछी चर्चका सदस्य सुश्री रचना सुनुवार र निस्सी चर्च, बौद्धको सदस्य श्री भिमसेन भुजेलको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ५ गते/नोभेम्बर २० तारिख, बुधबार नेइम भैंसेपाटी चर्चको सदस्य सुश्री प्रिश्किला घिमिरे र शालोम प्रार्थना भवन, नयाँ वानेश्वरको सदस्य श्री शंकर घिमिरेको नेइम भैंसेपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १३ गते/नोभेम्बर २८ तारिख, बिहिबार नेइम भैंसेपाटी चर्चको सदस्य श्री विशाल राई र पहिलो प्रेरितिय मण्डली, दाङ्ग घोराइको सदस्य सुश्री सदिक्षा बुढाको पहिलो प्रेरितिय मण्डली, दाङ्ग घोराइमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### डिसेम्बर महिनाको कार्य तालिका

पौष १ गते/डिसेम्बर १६ तारिख सोमबार **महिला उपवास प्रार्थना** आ-आफ्नो समय र मण्डलीमा ।

पौष १० गते/डिसेम्बर २५ तारिख बुधबार **खीष्टमस सेवा** आ-आफ्नो समय र मण्डलीमा ।

पौष १६ गते/डिसेम्बर ३१ तारिख मंगलबार **आधा रातको प्रार्थना** आ-आफ्नो समयमा संगति झुण्ड, परिवार र मण्डलीमा ।

## विषेश प्रार्थना

१. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति भएको होस् र इमान्दारिताको लागि प्रार्थना गरौं ।

२. खीष्टमसको अवसरमा विभिन्न माध्यमहरू जस्तै रेडियो, एफ.एम., टि.भी., नाटक, भजन तथा गीतहरूद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै विभिन्न मण्डलीहरूमा हुने खीष्टमस सेवाहरूको लागि प्रार्थना गरिदिऔं ।

३. सारा संसारका मानिसहरूले खीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।

४. खीष्टमसको अवसरमा पारिवारिक भेटघाटको लागि यात्रा गर्नुहुने साथै सारा संसारभरि हुने सेवा संगतिहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| | २३ 8 | ३० 15 | ७ 22 | १४ 29 |
| **आइतबार** Sunday | आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं । एज्रा ७:१० | नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् । एफिसी ४:२२-३२ | शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाइको लागि प्रार्थना गरिदिऔं । यशैया ४२:६-७ | यो वर्षभरि परमप्रभु परमेश्वरले दिनुभएको आशिष्को लागि धन्यवाद चढाऔं । भजनसंग्रह ९६:१-९ |
| | २४ 9 | १ पौष 16 | ८ 23 | १५ 30 |
| **सोमबार** Monday | खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून । यूहन्ना १६:३३ | मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् । भजनसंग्रह ११९:९ | येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् । एफिसी ४:२२-२४ | आउँदो वर्षभरि आशिषित भएर जिउनका लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं । व्यवस्था ११:११-१२, यहोशू १:२-९ |
| | २५ 10 | २ 17 | ९ 24 | १६ 31 |
| **मंगलबार** Tuesday | परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं । फिलिप्पी ४:१९-२० | मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दु:ख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं । भजनसंग्रह ४६:१-११ | सारा संसारका मण्डलीहरू साथै मानिसहरूले ख्रीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् । रोमी १४:१७-१८ | यो वर्ष सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् । २ कोरिन्थी ३:१६-१८ |
| | २६ 11 | ३ 18 | १० 25 | १७ 2025 January 1 |
| **बुधबार** Wednesday | प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् । मत्ती ५:१३-१६ | हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिष्को कारण बन्न सकौं । १ थेसलोनिकी ५:११ | सारा विश्वव्यापी मण्डलीहरूमा हुने ख्रीष्टमस सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती संगतिद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् । यूहन्ना १७:१-४ | यो वर्षभरि मण्डली, परिवार र व्यक्तिगत जीवनको निम्ति परमेश्वरले राखिदिनुभएको प्रशस्त आशिष्हरूको निम्ति धन्यवाद चढाऔं । २ पत्रुस १:१-३ |
| | २७ 12 | ४ 19 | ११ 26 | १८ 2 |
| **बिहीबार** Thursday | मण्डलीका सबै बालबालिकाहरूका आत्मिक, शारीरिक, भौतिक जस्ता सबै क्षेत्रमा परमेश्वरको आशिष मागिदिऔं । मर्कूस १०:१३-१६ | ख्रीष्टमसको अवसरमा हुने सुसमाचार प्रचार, सभा साथै सेवा संगतिहरूको लागि प्रार्थना गरिदिऔं । यशैया ५५:१०-११ | ख्रीष्टमसको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् । यूहन्ना १४:६, प्रेरित ४:१२ | परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा अझ जागेको होस् जसको फलस्वरूप हामी फलवन्त जीवन जिउन सकौं । भजनसंग्रह १:१-६ |
| | २८ 13 | ५ 20 | १२ 27 | १९ 3 |
| **शुक्रबार** Friday | परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् । कलस्सी ३:१३-१७ | हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं । हिब्रू १२:१ | मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं । यशैया ४६:३-४ | पढाइ र कामको क्षेत्रमा रहेका जवानहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं । हितोपदेश ९:१०, याकूब १:५ |
| | २९ 14 | ६ 21 | १३ 28 | २० 4 |
| **शनिबार** Saturday | मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं । भजनसंग्रह २५:४-५ | बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् । १ पत्रुस ५:७ | संसारका देवहरूले बन्द बनाएको मानिसहरूको समझ खोलिएको होस् भनी प्रार्थना गरौं । २ कोरिन्थी ४:४, १०:३-५ | आफूले पाएका वरदानहरू मण्डली निर्माणको लागि प्रेम र नम्रतामा सबैले परमेश्वरको महिमाको निम्ति चलाउन सकून् । १ कोरिन्थी १३:१-३ |

**किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ । हाम्रा निम्ति एउटा छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ । उहाँको शासन र शान्तिका वृद्धिको अन्त कहिल्यै हुनेछैन । दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखि सदाको निम्ति उहाँले राज्य गर्नुहुनेछ । सर्वशक्तिमान् परमप्रभुको जोशले यो पूरा गर्नेछ ।**

**यशैया ९:६-७**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,